म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८९ शनिवार २४ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 9 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा डेंगु सक्रमितको संख्या १८०८ पुग्यो

हेटौंडा, २३ कात्तिक/मकवानपुरमा डेंगु संक्रमितको संख्या एक हजार ८ सयभन्दा बढी पुगेको छ । जिल्लाको १० स्थानीय तहमा डेंगु संक्रमितको कुल संख्या एक हजार ८ सय ८ पुगेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार, डेंगु संक्रमण पुष्टि हुनेमा ८७० जना महिला र ९३८ जना पुरुष रहेका छन् । यो संख्या गत साउन महिनादेखि शुक्रबारसम्मको हो । शुक्रबार मात्रै जिल्लामा ७ जना नयाँ डेंगु संक्रमित भेटिएका छन् । कार्यालयका अनुसार हेटौंडा उपमहानगरपालिकामा १ हजार ४ सय ६४ जना, थाहा नगरपालिकामा १३ जना, मकवानपुरगढी गाउँपालिकामा ४६ जना संक्रमित रहेका छन् । यसैगरी, बागमती गाउँपालिकामा ३ जना, कैलाश गाउँपालिकामा ७ जना, मनहरी गाउँपालिकामा १ सय ४६ जना, भीमफेदी गाउँपालिकामा ३१ जना, बकैया गाउँपालिकामा २२ जना, राक्सिराङ गाउँपालिकामा ३ जना, हाल ठेगाना नखुलेका ३७ जना र अन्य जिल्लाका ३६ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# हेटौंडा-१२ को उपनिर्वाचनमा मुख्य तीन दलले टुंग्याए उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ मा उपनिर्वाचन हुँदैछ । २०७९ वैशाखमा भएको निर्वाचनबाट वडाअध्यक्षमा विजयी ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो ।

आगामी १६ मंसिरमा देशभर विभिन्न कारणले जनप्रतिनिधि विहीन स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उपनिर्वाचन हुने निर्वाचन आयोगले जनाएको छ । हेटौंडा उपमहानगर पालिका १२ नम्बर वडा पनि हो ।

मकवानपुरको यही वडामा मात्र निर्वाचन हुने भएकाले दलहरु कसरी जित्ने भन्ने रणनीति र उम्मेदवार छनोटमा लागेका छन् । वडाध्यक्षको निर्वाचनमा मुख्यत: तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच कडा प्रतिस्पर्धा हुने गतनिर्वाचनको मत परिणामले देखाउँछ । माओवादीलाई गुमेको वडाअध्यक्ष फिर्ता गर्ने चुनौती छ । एमाले र कांग्रेसलाई नयाँ वडामा विजयको झण्डा गाड्ने चुनौती रहेको छ ।

अन्य साना दल पनि निर्वाचनको तयारीमा जुटिरहेका छन् । जसले गर्दा उपनिर्वाचन रोचक हुने







देखिएको छ । माओवादी, कांग्रेस र एमालेले उम्मेदवारको टुंगो लगाएर चुनावी रणनीति तयार गर्न लागिसकेका छन् । माओवादीले रविन प्रधानलाई वडाअध्यक्षको उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेको पार्टी प्रदेश उपाध्यक्ष तथा प्रदेश सांसद प्रेमबहादुर पुलामीले जानकारी दिए ।

एमालेले युवा संघ मकवानपुरका अध्यक्षसमेत रहेका राजेश नगरकोटीलाई वडाअध्यक्षको उम्मेदवार बनाएको छ । गतस्थानीय तहको निर्वाचनमा पनि उम्मेदवार रहेका नगरकोटी यसपटक पनि सर्वसम्मत उम्मेदवार छनोट भएका हुन् । गतनिर्वाचनमा नगरकोटीले तेस्रो स्थान हासिल गरेका थिए ।

कांग्रेसले अर्जुन तिवारीलाई उम्मेदवार बनाउने निर्णय गरेको कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाईंले जानकारी दिए । उनी गत निर्वाचनमा उम्मेदवार थिए । कांग्रेसको वडा समितिबाट पाँच जनाको नाम सिफारिस भएर जिल्लामा गएको थियो । वडाबाट अर्जुन तिवारी, शरण घिसिङ, कुमार पोखरेल, गीता न्यौपाने, सुर्दशन लामाको जिल्लामा सिफारिस भएको जनाइएको छ । पाँच जनाबीच सहमतिमै उम्मेदवारको टुंगो लगाइएको चौलागाईंले बताए ।

राप्रपा र नेकपा एसले पनि वडाअध्यक्षको उम्मेदवार चयनमा लागेका छन् । यो निर्वाचनले मकवानपुरमा दलहरुको पछिल्लो अवस्थालाई पनि चित्रण गर्ने भएकाले विशेष रुपमा हेरिएको छ ।

२०७९ मा भएको स्थानीय तहको निर्वाचनमा ललित बहादुर घलानले १ हजार ३ सय ७१ मत पाएर विजयी भएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका अर्जुनप्रसाद तिवारीले १ हजार ३ सय ४० मत पाएका थिए । यस्तै एमालेका राजेश नगरकोटीले १ हजार ३ सय २५ मत पाएका थिए । गतनिर्वाचनमा तीन दलका उम्मेदवारबीचको मतान्तरमा खासै फरक छैन ।

विजय भएका माओवादीका घलान र दोस्रो भएका काँग्रेसका तिवारीबीच ३१ मतको मात्र फरक थियो । यस्तै विजयी घलान र तेस्रो भएका एमालेका नगरकोटी ४६ मतको अन्तर थियो । दोस्रो भएका तिवारी र नगरकोटीबीच भने १५ मतको मात्र फरक थियो । गत निर्वाचनमा तीनै दलका उम्मेदवारले पाएको मतलाई हेर्दा चुनावमा कसले बाजी मार्छ अनुमान लगाउन सक्ने अवस्था नरहेको देखिन्छ ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छ भने सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मंसिर ३ गते बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवम् निर्णय गरी मंसिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

५ मंसिर बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्नेछ भने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवार लाई निर्वाचन चिह्न प्रदान गरिने छ ।

# अटो चलाएर परिवार पाल्दै दुर्घटनामा खुट्टा गुमाएका बस्नेत

अशोक बजगाईं

हेटौंडा, २३ कात्तिक/ इन्द्रबहादुर बस्नेत एकाबिहानै झिसमिसेमा उठ्छन् । सबेरै उठ्नु बस्नेतको बानी हो । बिहान उठ्नासाथ उनी हातमुख धोएर भान्सामा चिया बनाउन थाल्छन् । एउटा खुट्टा कृर्तिम हालेका बस्नेत जीबनमा सवलाङ्ग मानिस झैं साहसिक काम गरिरहेका छन् । कृर्तिम खुट्टाकै मद्दतले घरको सामान्य कामदेखि अटो चलाउछन् उनी । हेटौंडा उपमहानगरपालिका-३ बसामाडी, नर्सिङडाँडा निवासी ४२ वर्षीय बस्नेतका दिनहरु कहिल्यै सहज बितेनन् । उनी बि.सं. २०५९ सालमा सशस्त्र प्रहरीमा भर्ना भए । सशस्त्र प्रहरीका रुपमा काम गर्दै गर्दा उनले जीवनको विभिन्न रंगहरु अनुभव गरे । तर, उनले देशमा चलिरहेको जनयुद्धको चपेटामा परेर २०६३ सालमा जागिर छोड्नुपर्‍यो । त्यसपछि उनले ट्रक चलाउन सिके, जीवनको नयाँमार्गमा पाइला टेके ।

तर, काठमाडौंबाट हेटौंडा फर्कंदै गरेको एक दुर्घटनाले उनका सपनालाई ध्वस्त पारिदियो । दुर्घटनामा उनले आफ्नो खुट्टा गुमाए, जसले उनको जीवनको गतिको धार नै बदलिदियो । २०७४ साल साउन २७ गते धादिङ जिल्लाको जोगीमारामा भएको दुर्घटनाले उनको जीबनमा कालो बादल मडारियो र सबै सपना तहसनहस बनायो । उनका सपनाहरु केहीबेरमै सिसा जस्तै फुटे ।

बस्नेतलाई शारीरिक अपाङ्गतासँगै जीवनप्रति बैराग लाग्नथाल्यो । 'मर्नुभन्दा बौलाउनु निको' भनेझैं अपाङ्गता भएपनि उनले हिम्मत हारेनन् बरु आफूलाई सम्हाले । परिवारको जिम्मेवारी र घरले जा र वनले आइज भन्ने अवस्थाका बाबु, बालबच्चाहरुको भविष्यका लागि उनले हिम्मत हार्न सकेनन् । बाँकी रहेको जीवनमा केही गर्नुपर्छ भनेर दम्य साहस बटुले ।

बीमाबाट आएको दुई लाख र ट्रक साहुले दिएको एक लाख रुपैयाँको सहायताले उनले किस्तामा अटो निकाले, अनि चलाउन थाले । एउटा खुट्टा नहुँदा पनि उनले जीवनका चुनौतीलाई स्वीकार गरे । यात्रुले





उनको अटो चढ्न हिच्किचाउने गरेको उनले गुनासो पोखे । बस्नेतले ती कुराहरुको वास्ता नगरी आफ्नो कामलाई निरन्तरता दिइराखेको बताए । 'अटो चलाएर दिनमा १५ सयदेखि दुई हजार रुपैयाँसम्म कमाउँछु र यही रकमबाट आफ्नो परिवारको गुजारा चलाइराखेको छु' उनले भने ।

'अटो चलाउन सवारी चालक अनुमतिपत्र चाहिन्छ, हामी जस्ता अपाङ्गता भएका व्यक्तिलाई सवारीचालक अनुमतिपत्र दिने प्रावधान रहेनछ । मैले धेरैपटक प्रयास गरें तर, लाइसेन्स पाइनँ । ट्राफिक प्रहरीहरुले मेरो अवस्थाको कारण सहानुभूति देखाएर अहिलेसम्म छोडिराखेका छन् ।' उनले पीडा पोखे । 'कैयौंपटक सवारीचालक अनुमतिपत्र बनाउँछु भनेर म यातायात कार्यालय गएको छु, कर्मचारीहरुले अपाङ्गता भएका व्यक्तिलाई दिने प्रावधान नभएको बताउँदै आफूहरुले नियमबिपरित बनाइदिए जागीर नै जान्छ भन्दै उल्टो गुनासो सुन्छु अनि फर्कन्छु' उनले निन्याउरो अनुहार बनाउँदै थपे ।

बस्नेतलाई अब अटो चलाउन छोडेर कपडा पसल गर्न मन छ । अटो चलाएर हिंड्न अलि गाह्रो हुने र अटोमा भनेजस्तो कमाई नहुने हुँदा उनलाई कपडा पसल खोल्न मन लागेको बस्नेत सुनाउँछन् । इन्डियाबाट सस्तोमा कपडा ल्याएर एउटा कपडा पसल खोली थोरै नाफामा कपडा बेचेर बस्ने उनको रहर छ रे । बस्नेतको परिवारमा ८९ वर्षीय बुवा, श्रीमती र एक छोरा छन् । छोरा कक्षा १२ मा अध्ययनरत छन् ।

८९ वर्षीय बाबु विगत एक वर्षदेखि थलापरेर खाटमै छन् । खुट्टा नचल्ने समस्या भएको कारण बालाई खाटमै दिशापिसाब गराउनु पर्छ । ईन्द्रको श्रीमती गृहिणी हुन् । उनको कुनै कमाई छैन । चारजना परिवार पाल्नका लागि आफूलाई काम गर्नैपर्ने बाध्यता रहेको उनले बताए । आफू थलिएर बसेको बेला उनको घरको चुलो बल्न हम्मेहम्मे परेको सम्झदै बस्नेत भक्कानिए । यसर्थ उनलाई अपाङ्गताको बावजुद पनि कुनै न कुनै पेशा अँगालेर घर चलाउनै पर्ने बाध्यता छ ।

बस्नेतको संघर्ष यहाँ रोकिन्न । उनी सामाजिक कार्यमा पनि संलग्न छन् । हेटौडा उपमहानगरपालिका वडा नम्बर ३ बसामाडीमा रहेको बालउज्ज्वल टोल विकास समितिका अध्यक्षका रुपमा उनले आफ्नो समुदायका लागि काम गर्दै आएका छन् । राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा आवद्द भयर उनले सीप सिक्दै अन्य अपाङ्गता भएका व्यक्तिहरुसँग आफ्नो अनुभव साटिरहेका राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशअध्यक्ष अश्विन लम्सालले जानकारी दिए । यसरी बस्नेत संघ-संस्थामा जोडीएर विभिन्न कार्यक्रममा सहभागी भई अरुलाई जीवनका चुनौतीहरुसँग जुध्न सिकाउँदैछन् ।

अपाङ्गता जीवनको अन्त्य होइन, यो त नयाँ शुरुवात हो । कठिनाइहरुमा हार नमान्न र जीवनको प्रत्येक पलमा सकारात्मकता खोज्नुपर्ने कुराको उनी एक ज्वलन्त उदाहरण हुन् । संघर्ष र साहसले बनेको यो कथा उनको मात्र होइन, हामी सबैको हो–हिम्मत नहार्ने र जीवनलाई नयाँदिशामा लैजाने एक प्रेरणा हो ।

# हिमालयन राइडर्सका सदस्यहरु मेचीमहाकाली यात्रामा

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ भोलि सनिबार हुन लागेको तेस्रो पोखरा अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री रेस प्रतियोगितामा सहभागी हुनको लागि हिमालयन राईडर्स सोसाइटीको तर्फबाट एक जना महिला सहित तीनजना सदस्य सहभागी हुने भएका छन् ।

मकवानपुरको पहिलो मेची-महाकाली यात्रा गर्ने महिला सीता श्रेष्ठसहित हरिराम राई र आशिष थापामगर हेटौंडाबाट शुक्रबार तेस्रो पोखरा अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री रेसका लागि पोखरा पुगेका छन् ।

सोसाइटीका सदस्यहरुले पोखरामा हुने क्रस कन्ट्री रेसमा उत्कृष्ट खेल प्रदर्शन गर्ने आशा गरिएको सोसाइटीका अध्यक्ष राजु थापामगरले बताए । अध्यक्ष थापामगरसँग सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्य पनि तीनजना खेलाडीलाई हौसला प्रदान गर्न पोखरा पुगेका छन् ।

यसैगरी सोसाइटीका सदस्य ६८ वर्षीय कृष्णप्रसाद आचार्य, ६२ वर्षीय पृथ्बी रायमाझी र५७ वर्षीय बरुण खतिवडाको टोली मेची-महाकाली साइकलयात्रा गर्न यतिबेला झापाको मेचीपुलमा पुगेका छन् । यो उमेरमा पनि युवा जोसका साथ साहसिक यात्रा गर्न अघि सरेको भन्दै सोसाइटीले यात्रा पूर्णसफलताको कामना गरेको छ । 'यो यात्राले तपाईं हामीलाई केही गर्नुपर्छ भन्ने प्रेरणा मिल्न सक्छ र जीवनमा उर्जा थपिने छ' सोसाइटीका अध्यक्ष थापामगरले भने ।

शनिबार बिहान मेची पुलबाट यात्रा सुरु गर्ने योजना र हेको छ । मेचीदेखि महाकाली यात्राको क्रममा ज-जसले भेट्नुहुनेछ वहाँहरुलाई शुभकामना र हौसला प्रदान गरिदिनु हुनका लागि सोसाइटीले आग्रह गरेको छ । गतवर्ष पनि सोसाइटीका १३ जना सदस्यहरुले यही समयमा मेची-महाकाली साइकलयात्रा गरेका थिए । सोसाइटीका कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठ र सल्लाहकार सदस्य भानुभक्त आचार्यले दुईपटक मेची-महाकाली साइकलयात्रा गरिसकेका छन् ।

# राप्तीतटमा उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठपर्व सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ राप्तीतटमा शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै यो वर्षको छठपर्व सम्पन्न भएको छ । चारदिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन हेटौंडासहित देशभरका नदी, जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठपर्व सम्पन्न भएको हो ।

पारिवारिक सुख, शान्ति, समृद्धि, रोगबाट मुक्ति तथा हरेक मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठका अवसरमा पोखरी, नदी, तलाउमा श्रद्धालु भक्तजनको भीड लाग्ने गरेको छ । ब्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सूर्योपासनाको यो पर्वको प्रारम्भ गरेका हुन्छन् । त्यस्तै पर्वको दोस्रो दिन खर्ना मनाएका थिए । खर्नाका दिन ब्रतालुहरुले दिनभरि उपवास बसेर राति षष्ठीका देवीलाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गरेका थिए । राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाएका थिए ।

षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटानपिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्यसामग्री ठेकुवा, भुसुवा, खजुरिया, पेरुकियाजस्ता मिष्ठान्न र विभिन्न फलफूल तथा मुला, गाँजर, बेसार, भोगटे, ज्यामिर, नरिवल, सुन्तला, केरा नाङ्लो, माटोको हात्ती, ठूलो ढकीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्तिगीत गाउँदै जलासय नजिक बनाएको छठघाटसम्म पुगेका थिए ।

षष्ठीका दिन सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर फूलअक्षता, जौतिल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

# जन्मदिनमा मामाघर नेपाललाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-५ निवासी सक्षम गोतामेले आफ्नो जन्मदिनको अवसरमा हेटौंडा-११ स्थित मामाघर नेपालमा खाद्यान्न सहयोग गरेका छन् ।

१३ औं जन्मदिनको अवसरमा गोतामेले शुक्रबार मामाघरमा आश्रित भान्जाहरुका लागि चामल, दाल, तेल, नुन, विस्कुटलगायत सामग्री हस्तान्तरण गरेका हुन् । सक्षमले आमा श्रीजना चौलागाईं, हजुरबुबा ओमप्रसाद चौलागाईं हजुर आमा सुमिता चौलागाईं र संस्थाका



प्रतिनिधिको उपस्थितिमा खाद्यान्न सहयोग गरेका हुन् ।

गोतामे हेटौंडा-५ स्थित सिद्धार्थ शिसुसदनमा कक्षा ७ मा अध्ययनरत छन् । मामाघरमा आश्रित दाजुभाइलाई देखेपछि खुशी साटासाट गर्दै गोतामेले आगामी दिनमा पनि आफ्नो जन्मदिन यसैगरी सामाजिक संस्थामा गएर मनाउने प्रतिवद्धता जनाए ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम


**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# ट्रम्पको जितले चिपमेकर एनभिडिया बन्यो विश्वकै मूल्यवान कम्पनी




एआई चिपमेकर कम्पनी एनभिडियाको शेयर मूल्य बिहिबार कीर्तिमानी रुपमा उच्च विन्दुमा पुग्दा कम्पनी ३.६५ ट्रिलियन डलर बजार पुँजीकरण भएको विश्व इतिहासकै पहिलो कम्पनी बनेको छ ।

अमेरिकी राष्ट्रपति चुनावमा डोनाल्ड ट्रम्पको विजयसँगै वालस्ट्रिटमा देखिएको उभारलाई क्यास गर्दै एनभिडियाको शेयर मूल्य २.२ प्रतिशतले बढेको हो । ट्रम्प सत्तामा आएसँगै कर कटौती तथा न्यून नियमनको सम्भावनाले गर्दा लगानीकर्ताहरुमा आत्मविश्वास बढेको बताइएको छ ।

बिहीबार बजार बन्द हुँदा एनभिडियाको बजार पुँजीकरण ३.६५ ट्रिलियन डलर पुगेको थियो। यो सँगै एनभिडियाले यसअघिको एप्पलको कीर्तिमान भंग गरेको छ ।

अक्टोबर २१ मा एप्पलको बजार पुँजीकरण त्यसबेला सम्मकै उच्च अर्थात् ३.५७ ट्रिलियन डलर पुगेको थियो । तर मंगलबार एनभिडिया एप्पललाई पछि पार्दै विश्वकै महंगो कम्पनीको रुपमा पुनारागमन गर्न सफल भयो। उता बिहीबार एप्पलको शेयर मूल्यमा चाहीँ २.१ प्रतिशतले वृद्धि भएर ३.४४ ट्रिलियन डलर पुगेको छ ।

पछिल्लो समयमा एआई कम्प्युटिंग क्षमताको निर्माण तथा उक्त उदीयमान प्रविधिको क्षेत्रमा प्रभुत्व जमाउनका लागि माइक्रोसफ्ट, अल्फाबेट तथा अन्य हेभीवेट कम्पनीहरुबीचको संघर्षले एनभिडियालाई ठूलो फाइदा पुगेको छ । साथै कम्पनीलाई अमेरिकी शेयर बजारको सबैभन्दा ठूलो विजेताको रुपमा स्थापित गरि दिएको छ ।

नोभेम्बर महिनामा मात्रै एनभिडियाको शेयर मूल्यमा १२ प्रतिशतले वृद्धि भएको छ र यो वर्ष सन्२०२४ मा यसको बजार मूल्य तेब्बरले बढेको छ । विश्लेषकहरुले यो त्रैमासिकमा एनभिडिया कम्पनीको आम्दानी ८० प्रतिशतले बढेर ३२ अर्ब ९० करोड पुग्ने प्रक्षेपण गरेका छन् ।

स्मरण रहोस् गत जुन महिलामा एनभिडिया केही समयका लागि पहिलोपटक विश्वको सबैभन्दा मूल्यवान कम्पनी बनेको थियो । तर, पछि उसलाई माक्रोसफ्ट र एप्पलले पछि पारे ।हाल माइक्रोसफ्टको बजार पुँजीकरण ३.१६ ट्रिलियन डलर छ ।

# विश्वकै सबैभन्दा शक्तिशाली फ्ल्यासलाइट

कल्पना गर्नुहोस् कि तपाईंको हातमा रातलाई दिनमा परिवर्तन गर्ने क्षमता छ । अनि तपाईंले संसारकै सबैभन्दा उज्यालो फ्ल्यासलाइट प्रयोग गर्दा कस्तो अनुभूति हुन्छ र त्यसको प्रकाश कस्तो हुन्छ भन्ने कुरा देख्न पाउनुभएको छ ।

Imalent MS32 यति शक्तिशाली छ कि यो वास्तवमै अतुलनीय छ । यो फ्लास लाइटसँग तुलना गर्न सकिने एउटा मात्रै फ्ल्यासलाइट भनेको Imalent MS18 हो, जसले यसअघि 'संसारको सबैभन्दा उज्यालो फ्ल्यासलाइट' को उपाधि पाएको थियो । तर, त्यो फ्ल्यासलाइट MS32 को तुलनामा करिब आधा मात्रै शक्तिशाली हो। किनभने यसको उच्चतम चमक केल १ लाख लुमेन मात्र थियो । जबकि Imalent MS32 को LED–पावर्ड प्रकाश बीम १,६१८ मिटर टाढासम्म पुग्न सक्छ र यसको उज्यालो १ सयवटा कारका बत्तीहरूको बराबर छ ।

'यदि तपाईं संसारको सबैभन्दा उज्यालो फ्ल्यासलाइट खोज्दै हुनुहुन्छ भने, IMALENT MS32 तपाईंको सबैभन्दा राम्रो विकल्प हो,' यो लाइट निर्माता चिनियाँ कम्पनी Imalent ले आफ्नो वेबसाइटमा गर्वका साथ लेखेको छ, 'अन्य सुपर-उज्यालो फ्ल्यासलाइटहरू खोज्न समय खर्च गर्न आवश्यक छैन, किनभने IMALENT MS32, यसको २,००,००० लुमेनका साथ अरु सबैलाई उछिनेर आफ्नो अतुलनीय प्रकाशका साथ रातलाई दिनमा परिणत गर्न सक्दछ ।'

MS32 ले यसको चर्चा अनुसार नै काम गर्ने गरेको अनुभव यसका प्रयोगकर्ताहरुको रहेको बताइन्छ । यो केवल २ लाख लुमेनको उच्चतम चमकमा पुग्ने मात्र होइन, यसले सजिलै ४० हजार लुमेनको चमकलाई लगभग ४० मिनेटसम्म कायम राख्न सक्छ । साथै यदि तपाईं यसलाइ ८० लुमेनको कम सेटिङमा मात्र प्रयोग गर्नुहुन्छ भने यसको चार्जेबल ब्याट्रीले ३४५ घण्टासम्मको ब्याकअप दिन सक्दछ ।

हामीलाई लाग्नसक्छ कि यो फ्लासलाइटले कसरी बढि नतातिकनै २ लाख लुमेनसम्मको चमक उत्पन्न गर्न सक्छ ? कम्पनीका अनुसार यसमा अत्याधुनिक कूलिङ प्रविधि रहेको छ जसले तापक्रमको फैलावट र यसलाई लामो समयसम्म प्रभावकारी चमकमा चलाउन मद्दत गर्छ । Imalent MS32 को मूल्य ७९५.९५ अमेरिकी डलर रहेको छ । जसका कारण यो सबैभन्दा महँगो फ्लासलाइट मध्येमा पनि पर्दछ । तर, रातलाई दिनमा बदल्न सक्ने यसको क्षमता अनुसार यो मूल्य स्वभाविक हुनसक्छ ।

**यौन स्वास्थ्य**

# उत्कृष्ट यौन जीवनका लागि खानुहोस् यी खानेकुरा



मानिसका लागि यौन अपरिहार्य नै छ । त्यसमा पनि आफ्नो पार्टनरसँगको सम्बन्ध बलियो बनाइराख्नका लागि यौनको महत्वपूर्ण भूमिका हुन्छ । यौन जीवनलाई उत्कृष्ट बनाउनका लागि मानिसहरु विभिन्न प्रकारको तरिका अपनाउने गर्छन् । तर के तपाईंलाई दैनिक खानपिनले पनि यौन जीवनमा प्रभाव पारिरहेको हुन्छ भन्ने थाहा छ ?

यौन सम्बन्ध अघि तपाई जे खानुहुन्छ त्यसको असर यौन शक्तिमा पर्ने गर्छ । विशेषज्ञले यौन सम्बन्ध स्थापित गर्नु अघि के खाने र के नखाने भन्ने सल्लाह दिएका छन् । यौन शक्ति र फर्टिलिटी बढाउनका लागि अनार अत्यधिक फाइदाजनक मानिन्छ ।

विशेषज्ञका अनुसार अनारको जूस पिउँदा मूड राम्रो हुन्छ र रक्त सञ्चारमा पनि सुधार आउँछ । यसले टेस्टोस्टेरोनकोस्तर पनि बढाउँछ । हामीले यो लेखमा यौन जीवनका लागि सकारात्मक प्रभाव पार्ने खानेकुराहरूबारे चर्चा गरेका छौं :-

चकलेट र रोमान्सको गहिरो नाता छ । चकलेट खाँदा सरोटोनिक हर्मोन बन्ने गर्छ जसले मूड राम्रो बनाउँछ । यौन सम्बन्ध स्थापित गर्नुअघि चकलेट खाँदा तनाव कम हुन्छ र यौन इच्छा जागृत हुन्छ । यसका साथै चकलेटमा फेलिलएलथाइलमाइन हुन्छ जसले यौन इच्छा बढ्ने गर्छ ।

**पालुङ्गो**

हरियो पालुङ्गोमा अत्यधिक म्याग्नेसियम पाइन्छ जसले टेस्टोस्टेरोनको स्तर बढाउने काम गर्छ । पालुङ्गोमा आइरन पाइन्छ जसका कारण सेक्स ड्राइभ बढ्ने गर्छ । यो विशेषगरी महिलाको यौन इच्छा र सन्तुष्टि बढाउन सहयोगी छ । 'हाई सेक्स ड्राइभ' का कारण चिन्तित हुनुहुन्छ ? विशेषज्ञबाट थाहा पाउनुहोस् यसको कारण र उपचारको तरिका

**खरबुजा**

खरबुजामा साइट्रिनलाइन नामको एमिनो एसिड हुन्छ । शरीरमा प्रवेश गरेपछि यो आर्जिनिन एमिनो एसिडमा परिवर्तन हुन्छ । यसका कारण रक्त कोसिकाले आराम पाउँछ जसका कारण यौनाङ्गले राम्रोसँग काम गर्न सक्छ । खरबुजाले शरीरमा त्यस्तै काम गर्छ जस्तो इरेक्टाइल डिसफंक्सन रोक्नका लागि भियग्राले गर्छ ।

**एभोकाडो**

क्रिमले भरपुर यो फलमा हेल्दी फ्याट र फाइबर हुन्छ । एभोकाडो खाँदा भित्रैदेखि ऊर्जा मिल्छ । त्यसैले विशेषज्ञ यौन सम्बन्ध स्थापित गर्नुअघि एभोकाडो खान सल्लाह दिन्छन् । यसबाहेक महिलालाई महिनावारीका बेला हुने थकान र चिड्चिडापनलाई हटाएर मूडलाई रोमान्टिक बनाउन पनि मद्दत गर्छ ।

**स्ट्रबेरी**

स्ट्रबेरी भिटामिन सीले भरपुर हुन्छ जसका कारण तनाव कम हुन्छ र यौन इच्छा बढ्ने गर्छ । स्ट्रबेरी खाँदा शरीरमा अक्सिटोसिन हर्मोन बन्छ जसलाई लभ हर्मोन पनि भनिन्छ । यसको सम्बन्ध यौन इच्छासँग हुन्छ ।

**कफी वा चिया**

कफी वा चियामा अत्यधिक क्याफिन पाइन्ट जसको असर स्नायू प्रणालीमा पर्छ । यसले यौन सम्बन्धका बेला पुरुषमा परफर्मेन्स एन्जाइटी हुन दिँदैन । क्याफिनले इरेक्टाइल डिसफंक्सनको सम्भावना पनि कम गर्छ । सुत्नु ठिक अघि कफी वा चिया नपिउनुहोस् नभए यसले समस्या निम्त्याउन सक्छ ।

**फ्याटी फिस**

साल्मन, सार्डिन् र मेकेरलजस्ता फ्याटी फिशमा भरपुर मात्रामा ओमेगा-थ्री पाइन्छ । यो हेल्दी फ्याटले शरीर सुन्निन कम हुन्छ जसका कारण यौन जीवन पनि राम्रो हुन्छ । यदि तपाईं शाकाहारी हुनुहुन्छ भने ओमेगा-थ्रीका लागि फ्लेक्स सिड्स, चिया सिड्स वा ओखर खानुहोस् ।

**साहित्य**

लघुकथा

# भलाद्मी

✍ केशु बिरही

गुरुजीले वजाएको गाडीको आवाज र खलासीले 'ए पूर्व एक्सप्रेस, एक्सप्रेस । काकडभित्ता एक्सप्रेस' भनी कराएर निकालेको शव्द ध्वनीले कोलाहाल इटहरीलाई झनै कोलाहाल वनाईरहेको थियो । यतिकैमा खलासी भाइले 'जाऊ जाऊ गुरु' भन्यो । गुरुजीले पनि गाडी अगाडी वढाए । सदाको वन्द र हड्तालले गर्दा सवै यात्रुहरु आ- आफ्ना गन्तव्य पक्रन हतार गरिरहेका देखिन्थे । गाडी खचाखच भरिएको थियो । यात्रुहरुको ठाउँ ठाउँमा चढ्ने र ओर्लने काम भैरहेको थियो । यसैक्रममा एकजना वृद्धा गाडीमा चढ्न पुगीन । उनको साथमा एउटा सानो नानी पनि थियो । गाडी खचाखच भरिएकोले गर्दा सीट पाउने त कुरै आएन । राम्ररी खुट्टा टेक्ने ठाउँ समेत थिएन । तर जसरी पनि उनले त्यो यात्रा पूरा गर्नु पर्ने थियो क्यार । त्यसैले उनले जतिसुकै भिड भए पनि आफ्नो यात्रा पूरा गर्ने तय गरिन । हामी वसेको अलि अघिल्लो सिटमा हेर्दैमा भलाद्मी जस्ता देखिन एकजना मानिस वसेका थिए । त्यहा नेर अलि खुकुलो थियो । ती वुढी मान्छे त्यहीनेर पुगीन र ती मानिस संग भनिन - ए वावु यहा अलि खुल्ला ठाउँ रहेछ । अलि पर सर्नुहोस न मिलेर वसौ ।' उनले सुनेको नसुने झैं गरे । कतै दया पलाउछ कि भन्ने आसा लिएर ती वृद्धाले पुन: थपिन - हेर्नुहोस् न सानो नाती पनि छ । यसलाई वोकेर यात्रा गर्न त गाह्रो परिरहेको छ । बरु मिल्छ भने तपाई एक छिन उठिदिनु होस न । तपाईलाई धर्मै हुन्छ ।' त्यसो भने पछि भने ती मानिसले वृद्धाको मुखमा पुलुक्क हेरे र भने -हेर्नुहोस म पनि विरामी छु । सञ्चो भए त भैजान्थ्यो । अरु कसैलाई भन्नुहोस न ।'

त्यस पछि भने ती वृद्धाले थप केही कुरा पनि गरिनन् । र अरु कसैसंग अनुरोध गर्न पनि रुचाईनन् । एकहातले बसको रड र अर्को हातले सानो नानीलाई समातिरहीन । मलाई भने उनको त्यो हालत देखेर दया पलायो । मैले पछाडी आएर मेरो सिटमा वस्न अनुरोध गरैं । उनलाई सिट दिएर म भने झुण्डिएरै आफ्नो यात्रा पूरा गर्ने निधो गरे ।

हेर्दा हेर्दै गाढी सलकपुर हुँदै विराटचोक आईपुग्यो । त्यहाबाट एउटी युवती चढ्न पुगीन । गाडीको अवस्था पूर्ववत नै थियो । सिट कही पनि थिएन । अर्धनंग्न शरीर । छोटो पहिरन तथा अनुहार अनेकन क्रिम पाउडर र लालीले पोतिएकी ती युवतीले पनि पहिलाकी वृद्धाले झैं त्यही भलाद्मी नजिक गएर भनिन - प्लीज दाइ अलि पर सर्नुहोस् न मिलेर वसौ । उभिएर यात्रा गर्न त क्या झुर हुने रहेछ ।' षोढशीको त्यस्तो आग्रह पछि उनले पूरै शरीर नियाले र भने - भै जान्छ नि । आउनुहोस न । आईमाई केटा केटी तथा वृद्ध वृद्धाको सेवा पाउनु त मेरो अहोभाग्य नै हो ।' अझ उनले ती युवतीको हात समाउदै भने अलि सजिलो गरी वस्नुहोला नत्र लडिन्छ नि । बरु अप्ठ्यारो भएमा म उठिदिउँला ।'

अलि अघि सम्म मात्र एउटी वृद्धाले अलि पर सर्नुहोस न नानी मिलेर वसौं । तपाईलाई धर्मै हुन्छ भन्दा विरामी भएको वाहाना गर्ने तर एउटी तरुनीलाई भने आफ्नो पूरै सिट समेत सुम्पन पछि नपर्ने ती भलाद्मीलाई सवैले हेरेको हेर्यै भए ।

# समाधिस्थल

✍ शिलु शर्मा

जन्मिएको थिए एउटा सुक्ष्म जीव बनेर,
धराका सम्पुर्ण प्रकृति पुन्ज चुमेर,
बामे सर्दै, घिस्रदै र पल्टदै,
आफ्नै पाइलाले
उभिएर संसार नियाल्न चाहन्छु, सोचेर ।।

वर्सौं लगाएर धर्तिमा टेक्न थालेपछि,
आफ्नो हातले आफैं खान जानेपछि,
टेकेको भूमि आफ्नै लाग्न थालेपछि,
दुई चार अक्षर चिन्न सक्ने भएपछि,
आफ्नो जीवन कसैलाई बोझ नहोस भनी
हिड्न थालेपछि,
पुन : कसरी सजिलै आफ्नो बिगतको गोरेटो
भुल्न सकिन्छ भनेर सुत्रहरु खोज्न विवस
भएको रहेछु ।।

वर्सौंपछि अक्षरहरु जोडेर शब्द बनाउन जानेपछि,
शब्द जोडेर वाक्य बनाउन जानेपछि,
ती वाक्यलाई जीवनमा जोड्न सिकेपछि,
बल्ल फेरि म ती जिवनलाई
बिगत बनाउने र भुल्ने शिक्षा लिन
आफैंबाट भाग्न थाल्छु,
कहिले गुरु वाणीबाट त कहिले
अलौकिक जीवन दर्शनबाट,
जसरी पनि
म सिकेको र कण्ठ भएको तितो
यथार्थ भुली पुन: अध्यात्मिक यात्रामा
जिउन चाहन्छु ।।

म कहिले ठूलो हुन्छु र संसार आफ्नो
बनाउछु भनेर,
धेरै समय सोच, मेहनत र परिश्रममा बिताउँछु,
म कसरी आफ्नो परिचय राख्ने
भनेर कर्ममा लगाव दिन खोज्छु,
आफू भन्दा विशेष लाग्ने आफ्नैले
धोका दिए पछि म फेरि कसरी
तिनैबाट जोगिने भनेर,
भाग्ने बाटो खोज्छु ।।
ठूलो मानिसका ठुलै पीडा देखिसकेपछि
म फेरि आफूलाई सानो हुँदै ठिक देख्न थालिरहेछु ।।

म जागिरे बन्न चाहन्छु,
जागिर खाएपछी त्यो ठूलो हाकिम जस्तै
बन्न चाहन्छु,
नभए हाकिमको प्रिय पात्र बन्न चाहन्छु,
जब नजिकबाट नियाल्छु, हाकिम,
देख्छु दुस्चक्र अनि दुस्साहस पश्चात्
पैसारुपि अग्नि ज्वालाले
नैतिकताको जरो उखलिएको
तब म पुन: कारीन्दा हुनु नै उचित ठान्छु,
वर्सौं जागिर खाइसकेपछि,
कुकर्महरुले माला, खादा र समाज सेवाको खोल
ओढेको देखेपछि
बेरोजगारीलाई पो म अत्यन्त धन्य देख्दछु ।।

म मर्न अत्यन्त डराउछु,
मलाई बाढी, पहिरो, जल, अग्नि
पानी, प्रकोप तथा रोग सबैसँग
अत्यन्त डर लाग्दछ,
र कुनै मानव, आफन्त वा प्रेमिल पात्रको
सानिध्यताको अभाव लाग्दछ,
र म अत्यन्त निकट कोहि हुन्छ कि
भनी चिहाउन थाल्दछु,
तर,
जब म विवस्ता र परीबन्धले आफ्ना
बनाएका एक जमात, कुनै पाप
धारी प्राणिबाट एक्कासी विश्वासघातको
उपहार प्राप्त गर्दछु,
धाप मार्नेहरु कै हातले चोटमा छोएर
सहानुभुतिको झुटो नाटक गरेको, देख्दछु,
आशिर्वादको वर्सात पाउनु पर्नेकै
नजरमा घृणित भएको पाउँदछु,
तब म पुन: माटो मै पोखिन चाहन्छु,
मेरा सम्पुर्ण मस्तिष्कका अवयवलाई
डरको अन्तिम तत्वमा समाहित गर्न चाहन्छु,

म यो धर्तिको नाटकिय
कृडालाई अन्त्य गरेर समाधिस्थलमा
पुग्न चाहन्छु ।।

# जीवनका रङ्ग

✍ शिलु शर्मा

बुझ्न सक्नुपर्छ चोट र पीडाभित्र पनि त छ जीवन
सैर्षभित्र छ सफलता
साँझपछिको कालो रातपछि नै छ सुनौलो
बिहानी,
पहराको गुप्त चट्टानभित्रबाटै
बहेको छ, कलकल झरनाको शुद्ध पानी ।
आकाश गङ्गाको गडगडाहटबाट
सृजना हुन्छ सप्तरङ्गी इन्द्रेणी
धर्तीको गहिराइबाट नै सृजना हुन्छ
सुन्दर सरोवर रानी ।
आँखाको अश्रुधारा पुछेर त हेर
संसार छ कति सुन्दर
मनको बह भुलाएर त हेर सूर्यास्तपछिको
सूर्योदयका सुनौला लहर ।
बाँच्नका लागि मुस्कुराउ
मुस्कुराउनका लागि कर्म गर
जीवनले दिएको रङ्गलाई बुझ्न
अन्तिम पटक पुन: कोसिस गर

शून्यतामा जीवनको रङ्ग छ
हारेर उठ्ने मनलाई सोध
अदृश्य कणमा सृष्टि अडेको छ
अदृश्य जीवन्त रक्तकोशिकालाई सोध ।

म अझै जीवित रहेछु
शून्य भावबाट विराट् विचारको रचना हुन्छ
पीडाका गहिराइमा नयाँ जीवनको आशा हुन्छ
सानो तरङ्गले विशाल तलाउ हल्लाउन सक्छ
सानो आशाले जीवन्त सपना सजाउन सक्छ ।
सैर्ष र जीवन, प्राणीका पर्याय
सुख र दु:ख हुन एकआपसका सहायक
सूर्यास्त नभई सूर्योदय हुन्छ कहाँ ?
प्यासपछिको पानी पो अमृत बन्छ त्यहाँ ।
बीज अङ्कुराउन धर्ती फाट्नुपर्छ
घना वृक्ष बनिदिन
सयौं दिन घामपानी, असिना, हुरी सहनुपर्छ
सुन्दर पुष्पवाटिका निर्माण हुन पनि
चट्टानका रङ्गहरू माटोमा परिणत हुनुपर्छ ।

# बस्या' छ दिमाग दिलैको माथि

✍ डिल्लीप्रसाद अधिकारी

दिमाग भन्ने एउटा यन्त्र छ
सबैको त्यो नै मन्त्र छ
त्यसले दिलमाथि तन्त्र गर्छ
झुक्याउन षड्यन्त्र गर्छ


दिमागले धेरै हिसाब लाउँछ
बाह्रै महिना कुरा खेलाउँछ
निमुखा शरीरलाई सताउँछ

जुन बेला पनि कराउँछ
दिलको आवाजलाई दबाउँछ

आफैं धामी, आफैं झाँक्री
आफैं समस्या, आफैं समाधान
आफैं चोर, आफैं चपरासी
आफैं अभियुक्त, आफैं अभिवक्ता
सँधै छ यस्तै अवस्था साथी
बस्या'छ दिमाग दिलैको माथि

**चित्रकला**



## दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# नेपाली क्रिकेट : ५० ओभरमा लय समात्नै गाह्रो





काठमाडौं/झण्डै दुई महिनाको उत्तर अमेरिका भ्रमण सकाएर बुधबार स्वदेश फर्किएको नेपाली राष्ट्रिय क्रिकेट टिमसँग हातमा एउटा ट्रफी थियो । अमेरिका विरुद्धको टी२० सिरिज 'क्लिन स्वीप' गर्दै जितेको ट्रफी थियो त्यो । तर नेपाली क्रिकेटरको अनुहारमा भने कुनै उत्साह र खुसी थिएन ।

टी-२० मा अमेरिकामा ऐतिहासिक सिरिज जित हात पारे पनि मुख्य खेल एकदिवसीय अन्तर्राष्ट्रियमा भने नेपालको प्रदर्शन निकै कमजोर देखियो । टी२० फर्म्याटमा यस वर्ष विश्वकपदेखि टी२० का विभिन्न सिरिज खेलेको नेपालले राम्रो प्रदर्शन गरेपनि ओडिआईमा भने त्यही प्रदर्शन दोहोर्‍याउन सकेन ।

काठमाडौं पर्केपछि नेपाली टिमका कप्तान रोहित कुमार पौडेलले पनि लिग २ को दुवै सिरिजमा राम्रो प्रदर्शन गर्न नसकेको बताए । 'जुन उद्देश्य लिएर क्यानडा र अमेरिका गएका थियौँ । सोचे जस्तो भएन । लिग टु को दुवै सिरिजमा चुक्यौँ,' कप्तान रोहितले भने ।

**लिग टु : ८ खेलमा १ जित**

नेपाली टोली दुई ठूला चाड दशैं र तिहारको समयमा पनि राष्ट्रको प्रतिनिधित्व गर्दै आईसीसी क्रिकेट विश्वकप लिग टुमा दुई सिरिज खेल्न नेपाल क्यानडा र अमेरिकाको भ्रमणमा निस्केको थियो । भदौ अन्तिम साता क्यानडा प्रस्थान गर्नुअघि सोमपाल कामीले नेपाललाई जिताउन सके र ५ विकेट लिन सके त्यही नै दशैंको गिफ्ट हुने बताएका थिए । तर नेपाली टोलीको प्रदर्शन सोचे अनुसार हुन सकेन ।

नेपालले उत्तर अमेरिका भ्रमणमा लिग टु का दुई सिरिजमा गरेर कूल ८ खेल खेल्दा जम्मा १ खेल मात्र जित्यो । ५ खेलमा हार व्यहोर्दा २ खेल भने वर्षाका कारण रद्द भएको थियो । नेपालले ८ खेलबाट जम्मा ४ अंक मात्र जोड्यो ।

क्यानडामा भएको लिग टु को सिरिजमा त नेपाल जितविहिन नै बन्यो । नेपाल, क्यानडा र ओमान सम्मिलित उक्त सिरिजमा नेपाल ३ खेलमा पराजित भयो । क्यानडासँग दुवै खेलमा पराजित भएको नेपाल ओमानसँग एक खेलमा पराजित भयो । ओमानसँगको अर्को खेल भने वर्षाको कारण रद्द भयो ।

क्यानडासँग पहिलो खेलमा १०३ रनको फराकिलो हार व्यहोरेको नेपाल दोस्रो खेलमा पनि ५ विकेटले पराजित भएको थियो । दुवै खेलमा नेपालले पूरा ओभर ब्याटिङ गर्न सकेन । ओमान विरुद्ध भने नेपालले ५० ओभर खेल्दै २२० रन बनाए पनि १ विकेटले पराजित भएको थियो ।

कप्तान रोहितले पनि क्यानडामा नेपालको ब्याटिङ राम्रो नभएको स्वीकारे । रोहितले क्यानडाको विकेट नै चुनौतीपूर्ण भएकोले रन स्कोर गर्न कठिन भएको बताए । 'क्यानडामा सबैजनालाई चुनौती थियो । किनभने विकेट नै एकदम चुनौतीपूर्ण थियो,' उनले भने, 'अमेरिका गएपछि सबैले स्कोर गरिराथे । टी२० र ओडिआई दुवैमा राम्रो स्कोर भाथ्यो । तर क्यानडामा ब्याटिङ राम्रो गर्न सकेनौं त्यसमा चुक्यौं जस्तो लाग्छ ।'

कन्सलट्यान्ट प्रशिक्षकको रुपमा नेपाली टिमसँग गएका जगत टमाटाले पनि क्यानडाको कन्डिसन नेपालको पक्षमा नभएकाले नतिजा आउन नसकेको बताए । 'क्यानडाको सिरिजमा त्यति सजिलो कन्डिसन थिएन । हाम्रो फेभरेबल थिएन,' टमाटाले भने, 'तर हामीले कोसिस गरेको हो । त्यो अनुसार रिजल्ट ल्याउन सकेन । विशेषगरी ब्याटरहरुबाट हामीले सोचे अनुसार प्रदर्शन भएन ।'

क्यानडापछि नेपाली टोली उतैबाट अमेरिका गयो । अमेरिकामा नेपालले क्यानडाको भन्दा राम्रो नतिजा त ल्यायो तर सुधारिएको ब्याटिङ गर्दा पनि घरेलु टोली विरुद्ध दुवै खेलमा पराजित भयो । नेपालले पहिलो खेलमा अमेरिका विरुद्ध २८६ रन बनाए पनि अमेरिकाले लक्ष्य पूरा गरेको थियो । त्यसपछि नेपालले स्कटल्याण्डलाई ५ विकेटले पराजित गर्दै लिग टु मा लगातार ७ खेलको हारमा ब्रेक लगाएको थियो ।

तर अमेरिका विरुद्ध अर्को खेलमा नेपाल फेरि पराजित भयो । स्कटल्याण्ड विरुद्धको अन्तिम खेलमा भने आँधीबेहेरीको सम्भावनाबीच खेल रद्द हुँदा नेपालले १ अंक पायो । अमेरिकामा भएको सिरिजमा नेपालले ४ खेलबाट ३ अंक जोड्यो ।

क्यानडाभन्दा अमेरिकामा जाँदा टिम राम्रो अवस्थामा रहेपनि अमेरिकासँग पराजित भएको कप्तान रोहितले बताए । 'अमेरिका जाँदा टिम सेपमा थियो तर अमेरिकासँग दुवै खेल हार्‍यौं,' उनले भने ।

प्रशिक्षक जगत टमाटाले पनि अमेरिकामा राम्रो खेल खेलेको तर नतिजा ल्याउन नसकेको बताए । 'अमेरिकामा निश्चित रुपमा राम्रो खेल खेलेको हो । नराम्रो भन्दिनँ । त्यहाँ पनि चुनौती थियो, ग्रासी विकेट थियो । हाम्रो फेभरमा थिएन । तर खेलाडी भएपछि त्यो कन्डिसनलाई एडजस्ट गर्न हामीले सिक्नुपर्छ' टमाटाले भने, 'हामीले स्कटल्याण्डलाई जित्यौं । अमेरिका विरुद्ध क्लोज मार्जिनमा पराजित भयौं । अलिकति मिस्टेक भयो । जुन सोचेको थियौं त्यो भएन । हामीले अझै पनि ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै डिपार्टमेन्टमा कभर गर्नुपर्छ ।'

**टी-२० सिरिज क्लिन स्वीप, ५० ओभरमा गाह्रो**

नेपालले यसपटक भ्रमणमा लिग टु बाहेक टी-२० खेलहरु पनि खेल्यो । क्यानडामा क्यानडा र ओमानसँग नै त्रिकोणात्मक टी-२० खेलेको नेपालले अमेरिकामा घरेलु टोली विरुद्ध ३ खेलको टी-२० सिरिज खेल्यो ।

लिग टु सकिएपछि क्यानडामा खेलिएको टी-२० सिरिजमा नेपालले ओमानलाई दुवै खेलमा हराएको थियो । तर घरेलु टोली क्यानडाविरुद्ध भने नेपाल दुवै खेलमा पराजित भयो । क्यानडाले तीन खेल जित्दै टी-२० सिरिज कब्जा गरेको थियो । दुई खेल जितेको नेपाल दोस्रो भयो । अर्को हिसावमा हेर्दा नेपालले क्यानडालाई दुवै फर्म्याटमा हराउन सकेन । क्यानडा विरुद्ध खेलेका चारवटै खेलमा नेपाल पराजित भयो ।

यस्तै नेपालले लिग टु सिरिजअघि अमेरिका विरुद्ध टी-२० सिरिज खेलेको थियो । तीनवटै खेल जित्दै नेपालले अमेरिका विरुद्ध सिरिज क्लिनस्वीप नै गर्‍यो । तर लिग टुमा त्यो जितको कुनै अर्थ भएन ।

टी-२० सिरिज ३-० ले जितेपछि कप्तान रोहितले त्यतिबेला भनेका थिए, 'हाम्रो लागि यो जित महत्वपूर्ण छ । यसले लिग टु का लागि पनि मोटिभेसन दिन्छ । यही लय कायम राख्न सके राम्रो नतिजा ल्याउनेछौं ।' तर लिग टुमा नेपाल अमेरिका विरुद्ध दुवै खेलमा हार्‍यो । नेपालको टिम सेलेक्सन, ब्याटिङ अर्डरदेखि बलिङ रोटेसनमा पनि धेरै आलोचना भएको थियो ।

टी-२० मा जति राम्रो प्रदर्शन गरे पनि नेपालले त्यो लय ५० ओभरमा देखाउन सकेको छैन । नेपालले धेरै टी-२० खेल खेल्दा अझै त्यसकै ह्याङ बाँकी रहेको हो भन्ने प्रश्नमा रोहितले ब्याटर भएपछि जिम्मेवारी लिनुपर्ने बताए । 'ब्याटरको रुपमा त्यो जिम्मेवारी लिनुपर्छ । किनभने टी-२० फर्म्याटमा हामीले यो वर्ष धेरै खेल्यौं । त्यो भनेर एक्सक्युज लिनु भएन । त्यसको जिम्मा लिनुपर्छ,' रोहितले भने, 'दुवै फरक फर्म्याट हो । ब्याटिङ युनिटको रुपमा त्यो कुरामा चुक्यौं । ब्याटरको रुपमा जिम्मेवारी लिनुपर्छ ।'

कप्तान रोहितले पनि खेलाडीले ५० ओभरको खेलमा लय समाउन नसकेको र त्यो अहिलेको समस्या भएको बताए । 'टी२० र ५० ओभरमा ब्याटरले अडाप्ट गर्न सकेको छैन । वान डेमा राम्रो गर्न त्यसका लागि ५० ओभरको खेल अझ बढी खेल्नुपर्‍यो । दुई दिवसीय क्रिकेट खेल्यो भने ५० ओभरमा अझ राम्रो हुन्छ,' उनले भने ।

नेपाली टिम भित्र पनि समस्याहरु देखिएको भन्ने प्रश्नबारे सोध्दा रोहितले भने कुनै समस्या नरहेको बताए । 'टिममा केही पनि भएको छैन । टिमले एकदमै राम्रो सपोर्ट गरिरहेको छ' उनले भने, 'खेल हार्दा पनि टिमले राम्रो सपोर्ट गरेको छ । सबै जना पोजिटिभ छन् । युनिटको रुपमा सबै राम्रो छ रिजल्ट मात्र आएको छैन ।'

प्रशिक्षक टमाटाले पनि जुन फर्म्याट भएपनि खेलाडी मानसिक रुपमा खेल्छु भन्ने हुनुपर्ने बताए । 'ओडिआई खेल हाम्रो होममा पनि त्यति भाछैन जति टी-२० खेलिराछौं । टी-२० वर्ल्डकप, एसियन गेम्स पनि खेल्यौं । खेलाडी भएपछि मानसिक बलियो हुनुपर्छ,' उनले भने, 'यो लेभलमा आएर यो भएन, ऊ भएन भन्नुहुन्न ।'

राष्ट्रिय टिमका पूर्व कप्तान पवन अग्रवालले पनि नेपाली टिमको माइन्डसेट अझै परिवर्तन हुन नसकेको बताए । '५० ओभरको अडाप्टाबिलिटी हुन सकेको छैन । यसको लागि माइन्डसेटमा परिवर्तन हुनुपर्छ,' उनले भने ।

प्रशिक्षक टमाटाले खेलाडीहरुले मिहिनेत गरेपनि नतिजा नआएको र बेटर क्रिकेट खेल्नुपर्ने बताए । 'केटाहरुले मिहिनेत गरेका छन् तर हाम्रो नतिजा मात्र आएको छैन । अझै पनि म भन्छु बेटर भन्दा बेटर क्रिकेट खेल्नुपर्छ,' उनले भने । उनले यस पटक खेलाडीले बाहिरको कन्डिसन, विकेटदेखि धेरै कुरा सिकेको आएको र आगामी दिनमा त्यो काम लाग्ने बताए ।

यस्तै कप्तान रोहितले अब पछाडि फर्केर हेर्नेभन्दा आउने खेलहरुमा केन्द्रित हुनुपर्ने बताए । 'लिग टु मा सोचेजस्तो सुरुवात भएको छैन । हामीलाई चुनौती थपिएको छ । योभन्दा अघिको लिग टु साइकलमा हामीले अन्तिम सिरिजमा राम्रो गरेका थियौं । त्यो हिसाबले सोच्दा राम्रो सुरुवात भएन,' रोहितले भने, 'अब हामी आउने खेलमा केन्द्रित हुनुपर्छ ।' उनले नतिजा राम्रो नआउँदा सबैलाई जिम्मेवारी थपिएको र चुनौती पनि थपिएको बताए ।

वर्ष २०२४ मा नेपालले खेल्ने लिग टुका खेलहरु सकिएको छ । अब नेपालले लिग टुमा २०२५ मा तीन र २०२६ मा तीन सिरिज खेल्न बाँकी छ । जसमध्ये नेपालले दुवै वर्ष घरेलु मैदानमा एक-एक सिरिज आयोजना गर्नेछ । सन् २०२७ मा हुने एकदिवसीय विश्वकपको छनोटको आधार समेत रहेको लिग टु नेपालका लागि ओडिआई मान्यता जोगाउनुका साथै विश्वकपमा पुग्ने सबैभन्दा महत्वपूर्ण अवसर समेत हो ।

*(स्रोत: अनलाइनखबर)*

## 'पूर्ण बहादुरको सारङ्गी'को प्रभाव :

# रोकियो 'केटी हराएको सूचना'को रिलिज



काठमाडौं/यही कात्तिक ३० गतेलाई प्रदर्शन मिति घोषणा गर्दै गीतदेखि ट्रेलरसम्म सार्वजनिक भइसकेको फिल्म 'केटी हराएको सूचना' अब पूर्वनिर्धारित मितिमा नआउने भएको छ । शुक्रबार निर्माण कम्पनी ट्राई सिटी पिक्चर्सले एक विज्ञप्ति जारी गर्दै फिल्मको प्रदर्शन स्थगित गरिएको जनाएको छ । लक्ष्मीपूजाबाट आएको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले अभूतपूर्व व्यापार गरेपछि 'केटी हराएको सूचना'ले रिलिज स्थगन गरेको हो ।

विज्ञप्तिमा भनिएको छ, 'जुन प्रकारले 'पूर्ण बहादुरको सारङ्गी'ले दर्शकको साथ पाएको छ, यो अवस्थामा नयाँ चलचित्र आउँदा चलचित्र घरहरुले नयाँ चलचित्रलाई समेत शो बाँडफाँट गर्नुपर्ने अवस्थाको सृजना हुने हुँदा दर्शकको साथ प्राप्त चलचित्र समेतलाई असर पर्ने सम्भावना रहने भएकोले इतिहास कायम गर्ने बाटोमा रहेको चलचित्रलाई सहज बनाइदिनु हाम्रो दायित्व हो भन्ने मान्यता कायम राख्दै 'केटी हराएको सूचना'को प्रदर्शन हाललाई स्थगित गरिएको जानकारी गराउन चाहन्छौं ।'

'पूर्ण बहादुरको सारङ्गी'ले बक्स अफिसमा उछाल कायम गरि रहेकाले 'केटी हराएको सूचना'ले कम शो पाउने सम्भावना थियो । जसले गर्दा निर्माताले रिलिज रोक्नु नै उत्तम विकल्प देखेका हुन् । अब कात्तिक ३० गते फिल्म 'ह्रस्व दीर्घ' एकल प्रदर्शन हुनेछ ।

दीपेन्द्र गौचनको लेखन, निर्माण तथा निर्देशनमा तयार भएको 'केटी हराएको सूचना'मा नाजिर हुसेन, सृष्टि श्रेष्ठ सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, अर्जुन पोखरेल लगायतको अभिनय छ भने अमितेष शाह विशेष भूमिका छन् । नकिम उद्दिन फिल्मका कार्यकारी निर्माता हुन् ।

# 'अञ्जिला'को वर्ल्ड प्रिमियर हङकङमा हुने, पोस्टरमा यस्ता देखिए दयाहाङ




काठमाडौं/महिला राष्ट्रिय फुटबल टिमकी क्याप्टेन तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित भएर बनेको फिल्म 'अञ्जिला' आगामी फागुन २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यसमा उनी स्वयंले आफ्नो भूमिकामा अभिनय गरेकी छन् । उनको बाल्यकालदेखि खेल जीवनसम्मको यात्रालाई फिल्ममा देखाइएको छ । हालै सम्पन्न साफ महिला च्याम्पियनसिपमा उनले गरेको सानदार प्रदर्शनपछि दर्शकमा फिल्मको पखाई बढेको छ ।

राष्ट्रिय अवार्ड विजेता मिलन चाम्सको निर्देशनमा तयार भएको 'अञ्जिला'को नेपाल प्रदर्शन भन्दा झन्डै तीन महिना अगाडि हङकङमा वर्ल्ड प्रिमियर गरिने भएको छ । आगामी मंसिर २३ (डिसेम्बर ८)मा हङकङमा फिल्मको प्रिमियर निश्चित भएको निर्देशक चाम्सले जानकारी दिए । प्रिमियरमा क्याप्टेन एञ्जिला पनि उपस्थित हुनेछिन् ।

फिल्मको हङकङ प्रिमियरको मिति घोषणा गर्दै शुक्रबार नयाँ पोस्टर पनि सार्वजनिक गरिएको छ । जसमा अभिनेता दयाहाङ राई लौरो लिएर रिसाह भावमा देखिएका छन् । एञ्जिला भने दुई चुल्ठी बाटेर ग्रामीण लुक्समा प्रस्तुत छिन् । उनको पृष्ठभूमिमा गोलपोस्ट र रंगशाला देखिन्छ । उक्त पोस्टरमा विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ र बुद्धि तामाङ पनि चित्रित छन् ।

सुनिल थापा, प्रेम कुमार श्रेष्ठ लगायतको पनि अभिनय रहेको फिल्मको छायांकन एञ्जिलाको जन्मथलो इलामको आइतबारे, झापा र काठमाडौंमा गरिएको हो । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा बनेको फिल्मका निर्माता प्रेम कुमार श्रेष्ठ हुन् भने टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया सह-निर्माता हुन् । यसमा सुदीप बरालको छायांकन र मिलन श्रेष्ठको सम्पादन छ ।

# विपिन र वर्षा स्टारर 'तेल भिसा' ट्रेलरमा के छ ?



काठमाडौं/आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'तेल भिसा'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट ३८ सेकेण्ड लामो ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । छोराको सन्तान हुन लागेपछि नेपालबाट अमेरिका गएकी आमाले बेहोर्नुपरेको कानुनी झमेलाको कथामा फिल्म बनेको ट्रेलरले प्रष्ट पार्छ ।

अभिनेता विपिन कार्की दोहोरो भूमिकामा छन् । उनले बाबु र छोराको भूमिका निभाएका छन् । आफ्नो सन्तान हुन लागेपछि उनले नेपालबाट आमा (पूजा चन्द)लाई अमेरिका बोलाउँछन् । त्यसपछि उत्पन्न पारिवारिक कलह र कानुनी झमेलाले उत्पन्न परिस्थितिलाई ट्रेलरमा मर्मस्पर्शी रुपमा देखाइएको छ । फिल्मले अमेरिकाको यथार्थलाई पस्किएको देखिन्छ ।

फिल्ममा शंकर घिमिरेको लेखन तथा निर्देशन छ । यो उनको १२ वर्षपछिको कमब्याक फिल्म हो । सुशन प्रजापतिको छायांकन रहेको फिल्ममा विपिन र पूजासहित वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेतीसहित अमेरिकी कलाकारहरुको पनि अभिनय छ । ऋचा घिमिरे प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा अनिल पाण्डे र शिवराज कार्की छन् भने प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता हुन् ।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक घिमिरेले पहिला आफूले बनाएका फिल्ममा भएको कमी-कमजोरी 'तेल भिसा'मा नदोहोर्‍याएको दाबी गरे । उनले भने, 'म आफैंले बनाएको पहिलाका फिल्म हेर्दा धेरै कमी-कमजोरी भेट्छु । त्यो कुरालाई सच्चाएर 'तेल भिसा' बनाएको छु । यसमा मेकिङ राम्रो गरेका छौं । कन्टेन्ट पनि राम्रो छ । इमानदार भएर राम्रो फिल्म बनाउने प्रयास गरेका छौं ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# सशस्त्र र नेपाल प्रहरीले बनाए उपचुनाव सुरक्षा समिति

काठमाडौं/१६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनका लागि गृह मन्त्रालयले सुरक्षा तयारी सुरु गरेको छ । गृह मन्त्रालयले तीन वटै सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग)लाई सुरक्षा तयारी थाल्न निर्देशन दिएसँगै सम्बन्धित सुरक्षा निकायहरुले तयारी थालेका हुन् ।

गृहको निर्देशनपछि प्रहरी प्रधान कार्यालयले प्रहरी उपरीक्षक (एसपी)को कमाण्डमा केन्द्रीय निर्वाचन सुरक्षा समिति गठन गरेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी दानबहादुर कार्कीका अनुसार कार्य विभागका एसपी सञ्जय सिंह थापाको कमाण्डमा समिति गठन गरिएको हो ।

उक्त समितिले निर्वाचनको सुरक्षाका लागि चाहिने सम्पूर्ण तयारी गर्ने डीआईजी कार्कीले बताए । 'सम्बन्धित निकायहरु समन्वय गर्ने, सुरक्षा तयारी गर्ने, निर्वाचनका लागि चाहिने बन्दोबस्तीको सामानहरुको व्यवस्था गर्नेलगायत सबै काम केन्द्रीय निर्वाचन सुरक्षा समितिबाटै हुन्छ' प्रवक्ता कार्कीले भने ।

समितिले सम्बन्धित ठाउँको अनुगमन, सुरक्षाकर्मी परिचालन, थप जनशक्ति माग, विभिन्न सुरक्षा रणनीतिहरुको अध्ययन गरेर काम गर्नेछ । त्यसका लागि उपनिर्वाचन हुने जिल्लाका प्रहरी प्रमुखहरुसँग चुनावको क्रममा हुनसक्ने सुरक्षा चुनौती र आवश्यक रणनीतिक योजना समेत केन्द्रीय निर्वाचन सुरक्षा समितिले माग गरेको छ ।

जिल्लाले दिएको रिपोर्टका आधारमा सुरक्षा रणनीति बनाएर कार्यान्वयन गर्ने तयारी केन्द्रीय सुरक्षा समितिको छ । उपनिर्वाचन हुने ठाउँ तथा जिल्लाका सुरक्षाकर्मीले नपुगेको अवस्थामा अन्य जिल्लाका सुरक्षाकर्मीहरु मागेर परिचालन गर्नेसम्मको अधिकार केन्द्रीय निर्वाचन सुरक्षा समितिलाई दिइएको छ ।

सशस्त्र प्रहरी बलले पनि गृहको निर्देशनपछि उपनिर्वाचन सुरक्षाको तयारी थालेको छ । सशस्त्रको कार्य विभागका एसएसपी दिग्विजय सुवेदीको कमाण्डमा सशस्त्र प्रहरीले केन्द्रीय निर्वाचन सुरक्षा सेल गठन गरेर काम सुरु गरेको हो ।

सशस्त्र प्रहरी बलका सहप्रवक्ता तथा डीएसपी शैलेन्द्र थापाले जिल्लादेखि केन्द्रसम्म निर्वाचन सुरक्षा सेल समेत गठन गरेर काम सुरु गरिएको बताए ।

त्यसैगरी उपनिर्वाचन हुने सम्बन्धित क्षेत्रको बाहिनीमा एसपीको कमाण्डमा, गणमा डीएसपीको कमाण्डमा र गुल्ममा इन्सपेक्टरको कमाण्डमा सुरक्षा सेल गठन गरेर काम सुरु गरिएको थापाले बताए ।

'अहिले सम्बन्धित जिल्ला सशस्त्र प्रहरी अधिकारीहरुसँग विवरण माग गरेर अध्ययन गर्ने काम भइरहेको छ । त्यसपछि कहाँ कस्तो सुरक्षा रणनीति अपनाउने भनेर कार्य योजना बनाएर लागु गरिने छ,' थापाले भने । यता गुप्तचर विभागले पनि सूचना संकलनको काम थालेको छ ।

विविध कारणले रिक्त स्थानीय तहका पदमा मंसिर १६ गते उपनिर्वाचन हुँदैछ । निर्वाचन आयोगले स्थानीय तहका विभिन्न ४४ रिक्त पदमा उपनिर्वाचन गर्न लागेको हो ।

*(स्रोत: अनलाइनखबर)*

# उपचुनाव हुने सबै पदमा एमाले उम्मेदवार सर्वसम्मत

काठमाडौं/आगामी १६ मंसिरमा हुने उपचुनावमा नेकपा एमालेका सबै उम्मेदवार सर्वसम्मत भएका छन् । निर्वाचन विभाग प्रमुख निरज आचार्यका अनुसार उपचुनाव हुने ४२ वटै पदमा सर्वसहमत उम्मेदवार चयन भएका छन् । 'सबै ठाउँको उम्मेदवार सर्वसहमतिबाट चयन गरेका छौं । केही ठाउँमा निर्णय हुन बाँकी भएपनि उम्मेदवार टुंगिसकेको छ', आचार्यले भने ।

उनका अनुसार मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्ष र दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष पदको उम्मेदवारबारे निर्णय हुन बाँकी छ । 'यी दुवै ठाउँको निर्णय आउन बाँकी छ । तर नेताहरुले सर्वसहमति जुटिसकेको जानकारी दिनुभएकाले भोलिसम्म निर्णय हुन्छ' आचार्यले भने ।

एमालेले शनिबार बोलाएको सचिवालय बैठकबाट उपचुनावका उम्मेदवार टुंग्याउदैछ । तर तल्लो कमिटीबाट सर्वसहमतिबाट नाम आएकाले सचिवालयबाट उम्मेदवारहरु अनुमोदन मात्र हुने नेताहरु बताउँछन् ।

उपचुनावका लागि काठमाडौं कीर्तिपुर नगरपालिकाको मेयरमा केन्द्रीय सदस्य डा. सुरेन्द्र मानन्धर उम्मेदवार बनेको सूचना सार्वजनिक भइसकेको छ । मानन्धरको उम्मेदवारीबारे नगर कमिटी र जिल्ला कमिटीले सर्वसहमति गरिसकेको छ ।

मानन्धरकै जस्तोगरी पालिका र जिल्ला कमिटीबाट अरु उम्मेदवारहरु पनि टुंगिएको आचार्यले बताए । उनका अनुसार दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षमा उमा मगर शेर्पा उम्मेदवार बन्ने भएकी छन् । यस्तै जाजरकोट नलसिंगाड नगरपालिकाको उपमेयरमा सुनिता बोहरा र बाजुरा स्वामीकार्तिक गाउँपालिका उपाध्यक्षमा सुलोचना कुमारी भण्डारी बुढाको नाम टुंगिएको छ ।

हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्षको उम्मेदवार जाना शाही र रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा केशकुमारी तुलाचन उम्मेदवार बनाउने निर्णय एमालेले गरिसकेको छ । पालिका पदाधिकारीहरुसँगै ३४ जना वडाध्यक्षको उम्मेदवार पनि टुंगिएको छ । उनीहरुको नाम पालिका कमिटीले सर्वसहमति गरेको हो ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरी कप फुटबल सुरु, नमोबुद्ध एफसीले खोल्यो खाता

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मनहरीमा दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगिता सुरु भएको छ । चैनपुर जेसीज मनहरीको आयोजनामा ४ नम्बर वडास्थित पशुपतिनाथ माविको गोलघर खेलमैदानमा प्रतियोगिता सुरु भएको हो ।



प्रतियोगिता उद्घाटन गर्दै बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जनले मसिनेको गोलघर खेलमैदानलाई मिनि रंगशालाको रुपमा विकास गर्न सहयोग गर्ने बताए । आफू मन्त्री हुँदा बजेट बनिसकेको जानकारी गराउँदै उनले आगामी वर्षको बजेटमा यस मैदानको लागि बजेट बिनियोजन गर्ने प्रतिबद्धता जनाएका हुन् । 'यही क्षेत्रबाट निर्वाचित माननीय ईन्द्रबहादुर बानियाँ र मनहरी गाउँपालिकाका अध्यक्ष र ञ्जन कालाखेतीले पनि मलाई यो चौरको विषयमा जानकारी गराइ सक्नुभएको थियो' उनले भने ।

'यसलाई व्यवस्थित खेलमैदानसहितको मिनि रंगशाला बनाउन पहलसहित बजेट विनियोजन गर्नेछु ।' उनले भने । बागमती प्रदेश सरकार खेलकुदमैत्री रहेको उल्लेख गर्दै उनले आफू पनि खेलेरै यो अवस्थासम्म आएको मन्त्री भएको जानकारी गराए । मिनि रंगशाला निर्माणका लागि तत्काल डीपीआर तयार गर्ने पनि मन्त्री महर्जनले जानकारी दिए । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले साविक मनहरी क्षेत्रमा रंगशाला निर्माण भइरहेको भएपनि हाँडीखोला क्षेत्रमा व्यवस्थित खेलमैदान नभएकोले गोलघर खेलमैदानलाई मिनि रंगशालाको रुपमा विकास गर्नु आवश्यक रहेको औंल्याउँदै प्रदेश सरकारको सहयोगको अपेक्षा गरे ।

पालिकाले खेलक्षेत्रमा सक्दो लगानी गर्दै आएको भन्दै उनले आगामी दिनमा समेत योजनाबद्ध काम गर्ने धारणा राखे । मनहरी गाउँपालिका ४ नम्बर वडाअध्यक्ष प्रकाश थापाले गोलघर खेलमैदानको विषयमा जानकारी गराउँदै ज्ञापनपत्रसहित मन्त्री महर्जनसमक्ष बजेटको माग गरेका थिए । प्रतियोगिता संयोजक महेश खुलालको संयोजकत्व एवम् जेसीजका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी प्रदेश सभापति सञ्जीव पाठक, पर्सा खैरहनी जेसीजका अध्यक्ष नारन उप्रेती, सल्लाहकार बिदुर थापा, कार्यकारिणी उपाध्यक्ष सुरेश गौतम लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

प्रतियोगिताको उद्घाटनमा स्थानीय जनप्रतिनिधिसहित विभिन्न संघसंस्थाका प्रमुख प्रतिनिधिको आतिथ्यता रहेको थियो । मनहरी गाउँपालिकाको ४ नम्बर वडाको मुख्य प्रायोजन एवम् अन्य विभिन्न संघसंस्थाको सहयोगमा प्रतियोगिता सुरु भएको हो । दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा हेटौंडा १३ पदमपोखरीको नमोबुद्ध एफसीले विजय यात्रा सुरु गरेको छ । उद्घाटन खेलमा मनहरी ४ नम्बर वडालाई २-० ले हराउँदै नमोबुद्धले विजय यात्रा सुरु गरेको हो ।

खेलको २६ औं मिनेटमा सुनिल लामाले गोल गर्दै नमोबुद्धलाई अग्रता दिलाएका थिए । ४३ औं मिनेटमा सामुयल सुनारले अग्रता दोब्बर बनाए । मनहरी ४ ले गोल गर्ने केही मौका पाएपनि सदुपयोग गर्न नसक्दा पहिलो खेलबाटै बाहिरिएको छ । खेलको म्यान अफ द म्याच नमोबुद्धका सामुयल सुनार घोषित भए । उनले विभिन्न पुरस्कार प्राप्त गरे । जारी प्रतियोगितामा शनिबार हाँडीखोला यूथ क्लव र जनसिद्ध क्लवको बीचमा खेल हुने प्रतियोगिताका सहसंयोजक उज्वल विष्टले जानकारी दिए ।

३ मंसिरसम्म सञ्चालन हुने प्रतियोगितामा जिल्लाका १६ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले एकलाख एकहजार १ सय ११ रुपैयाँ र उपविजेताले ५१ हजार १ सय ५१ रुपैयाँ नगदसहित ट्रफी प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ र अन्य विधागत उत्कृष्टले जनही ३ हजार ५ सय रुपैयाँसहित ट्रफी प्राप्त गर्ने अर्का सहसंयोजक प्रदीप थापाले जानकारी दिए ।

# पालिकास्तरीय भलिबलमा अन्तिम आठको टुंगो

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मकवानपुरको थाहा नगरपालिका र कैलाश गाउँपालिकास्तरीय अन्तर वडा पुरुष भलिबल प्रतियोगितामा अन्तिम आठ (क्वाटरफाइनल) समीकरण पूरा भएको छ ।



शनिवारबाट क्वाटर फाइनलका खेलहरु सञ्चालन हुने भएको छन् । थाहा नगरपालिकाको डाँडाबासमा २२ कार्तिकबाट सुरु भएको प्रतियोगिताको प्रि-क्वाटर फाइनलका खेलहरु २३ कार्तिकमा सकिएको प्रतियोगिताका संयोजक सुजिन्द्र गोलेले जानकारी दिए । २४ कार्तिकमा हुने क्वाटरफाइनल अन्तर्गतको पहिलो खेल थाहा-२ र उन्युचौर टिमबीच हुनेछ भने दोस्रो खेल आयोजक सल्ले राम्चे युवा क्लब 'बी' र थाहा-५ टिमबीच हुनेछ ।

त्यस्तै तेस्रो खेल थाहा-३ र आयोजक सल्ले राम्चे युवा क्लब 'ए' बीच प्रतिस्पर्धा हुनेछ भने क्वाटर फाइनल अन्तर्गतको अन्तिम खेल सशक्त रातो र थाहा-९ बीच हुने संयोजक गोलेले जानकारी दिए । थाहा नगरपालिका वडा नम्बर ७ को डाँडाबास खेलमैदानमा भैरहेको प्रतियोगिताको फाइनल खेल २५ कार्तिकमा हुनेछ । प्रतियोगिताका विजयी टिमले ५१ हजार १ सय ५१ रुपैयाँ, द्वितीय हुनेले ३१ हजार १ सय ३१ रुपैयाँ र तृतीय हुनेले १३ हजार १ सय १३ रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने संयोजक गोलेले जानकारी दिए ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा विधागत उत्कृष्टलाई नगदसहित शिल्ड र प्रमाणपत्र प्रदान गर्ने आयोजकले जनाएको छ । सल्ले राम्चे युवा क्लबको आयोजनामा भएको प्रतियोगिताको सहआयोजक हिमशिखर बचत तथा ऋण सहकारी संस्था थाहा-७ डाँडाबास रहेको छ । प्रतियोगिताको मुख्य सहयोगी थाहा नगरपालिकाको ७ नम्बर वडा कार्यालय रहेको छ ।

# थाहानगर वाइसियल सम्मेलनको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ नेकपा (माओवादी केन्द्र) को सहायक संगठन वाइसिएल नेपाल थाहा नगर कमिटीको दोस्रो सम्मेलनको तयारी पूरा भएको छ ।



कात्तिक २४ गते थाहा नगरको इन्द्रायणीचौरमा हुने सम्मेलनको उद्घाटन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने कार्यक्रम रहेको माओवादी केन्द्रका बागमती प्रदेश कमिटी सदस्य एवम् थाहानगर इन्चार्ज लबशेर बिष्टले बताए । सम्मेलनको तयारी अन्तरगत स्वागतगेट निर्माण, स्वागत ब्यानर राख्नुका साथै मन्च व्यवस्थापनको कार्य भईसकेको वाईसीएल बागमती प्रदेश कमिटी सदस्य दीपेन्द्रकुमार लामाले बताए ।

सम्मेलनको लागि प्रत्येक वडाबाट ५/५ जनाको दरले प्रतिनिधि चयन भैइसकेको वाइसीएल थाहानगर अध्यक्ष मानसिं दोङले बाताए । सम्मेलनले वाइसीएल थाहानगर कमिटीको आगामी कार्यकालको लागि नयाँ नेतृत्व चयन गर्ने अध्यक्ष दोङले बाताए ।

प्रचण्डले सम्मेलनको उद्घाटन गर्नुका साथै सभालाई संबोधन गर्ने, पूर्वजनमुक्ति सेना, जनयुद्धका घाइते, अपाङ्ग, शहीद परिवार सम्मानका साथै पार्टीको नेता कार्यकर्ता प्रशिक्षण कार्यक्रम रहेको नेकपा माओवादी केन्द्रका बागमती प्रदेश सचिवालय सदस्य बिष्णु बिष्ट आदर्शले जानकारी दिए ।

# सरकारको आन्तरिक ऋृण ब्याजदर ४ वर्षकै न्यून

काठमाडौं, २३ कात्तिक/ बैंकिङ प्रणालीमा अधिक तरलता हुँदा सरकारले उठाउने आन्तरिक ऋणको ब्याजदर चार वर्षयताकै सस्तो भएको छ । आर्थिक वर्ष २०७९/८० मा करिब ११ प्रतिशतसम्म ब्याजदरमा विकास ऋणपत्र बोलकबोल भएकोमा चालु आव ४ प्रतिशतभन्दा तलको ब्याजदरमा समेत विकास ऋणपत्र बोलकबोल भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकले देखाउँछ ।

बैंकिङ प्रणालीमा अधिक तरलता भएर नेपाल राष्ट्र बैंकले स्थायी निक्षेप सुविधा र निक्षेप संकलन उपकरण बोलकबोल मार्फत निरन्तर तरलता खिचिरहेको छ । अधिक तरलता भएर ब्याजदर घट्दा आन्तरिक ऋणको लागत समेत कम हुने भए पनि सरकारले आव सुरुवातबाट नै धमाधम आन्तरिक ऋण उठाइरहेको छ ।

साउनमा नै आन्तरिक ऋण बोलकबोल तालिका स्वीकृत गराएर सोही अनुसार आन्तरिक ऋण परिचालन भइरहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख अमृत लम्साल बताउँछन् । सरकारले चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । जसमध्ये २३ कात्तिकसम्म आउँदा १ खर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन भइसकेको उक्त तथ्यांकले देखाउँछ ।

तथ्यांक अनुसार प्रथम चौमास नसकिँदै सरकारले वार्षिक लक्ष्यको एक तिहाइभन्दा धैरै आन्तरिक ऋण परिचालन गरिसकेको छ । सरकारले आन्तरिक ऋण परिचालन गर्न विभिन्न औजार प्रयोग गर्ने गर्छ । नेपाल सरकारले आन्तरिक ऋण परिचालन गर्न जारी गर्ने औजारलाई सरकारी ऋणपत्र भन्ने गरिन्छ । सरकारी ऋणपत्र बजारयोग्य उपकरण हो । जसमा लगानीकर्ताले ऋणपत्र जारी गर्ने संस्थाबाट निश्चित ब्याज प्राप्त हुने गरी लगानी गर्दछन् । देश विकासका लागि सरकारी खर्च गर्न आवश्यक साधन जुटाउन सरकारले विभिन्न किसिमको ऋणपत्र जारी गर्ने गर्दछ ।

विगतमा नेपाल राष्ट्र बैंकले सरकारको बैंकका रूपमा सार्वजनिक ऋण व्यवस्थापन गर्दै आए पनि हाल अर्थ मन्त्रालय अन्तर्गत सार्वजनिक ऋण व्यवस्थापन कार्यालय खडा गरी सोही कार्यालयले सार्वजनिक ऋण व्यवस्थापन गर्दै आएको छ ।

कार्यालयले सार्वजनिक ऋण परिचालनका लागि जारी गर्ने सरकारी ऋणपत्र मुख्यतया ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र गरी चार प्रकारका छन् ।

ट्रेजरी बिल एक वर्ष वा एक वर्षन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालीन सरकारी ऋणपत्र हो । ट्रेजरी बिल अवधिका आधारमा २८ दिने, ९१ दिने, १ सय ८२ दिने र ३ सय ६४ दिने गरी चार किसिमका हुन्छन् । विकास ऋणपत्र दुई वर्षभन्दा माथि अर्थात् मध्यम तथा दीर्घकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । यसबाहेक पनि नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र मार्फत आन्तरिक ऋण परिचालन हुने गरे भए पनि त्यसको हिस्सा नगण्य मात्रै छ ।

वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै रेमिट्यान्स बैंकिङ प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परि चालन स्तर बढाउने उद्देश्यले २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न थालिएको थियो । यस्तै नागरिकलाई लगानी र बचतमा प्रोत्साहन गर्ने उद्देश्यले सरकारले हरेक वर्ष आन्तरिक ऋण उठाउँदा नागरिक बचतपत्र पनि निष्कासन गर्ने गर्छ । तर, त्यसमा सार्वसाधारणको आकर्षण नदेखिँदा बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने गरी विकास ऋणपत्र र ट्रेजरी बिल मात्रै आन्तरिक ऋण परिचालनको भरपर्दो औजार बनेको छ ।

सरकारले अल्पकालीन ऋण परिचालन गर्न ट्रेजरी बिल र दीर्घकालीन ऋण परिचालन गर्न विकास ऋणपत्र प्रयोग गर्दै आएको छ । चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा विकास ऋणपत्र मार्फत मात्रै २ खर्ब ९ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । यस्तै ट्रेजरी बिलमार्फत १ खर्ब १५ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । नागरिक बचतपत्र मार्फत ५ अर्ब र वैदेशिक रोजगार बचतपत्र मार्फत १ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य छ ।

ट्रेजरी बिल सरकारले आवश्यकता अनुसार नवीकरण गर्छ । एक वर्षभन्दा कम अवधिको हुने भएकाले बैंकिङ प्रणालीमा तत्कालीन अवस्थामा रहेको तरलताले ट्रेजरी बिलको ब्याजदर निर्धारण गर्छ ।

विकास ऋणपत्र भने लामो अवधिको आन्तरिक ऋण परिचालन गर्ने औजार भएकाले विकास ऋणपत्रको ब्याजदर उच्च हुँदा त्यसले सरकारी ऋणको लागत समेत दीर्घकालीन रूपमा महँगो गर्न जान्छ । सामान्य अवस्थामा सरकारी ऋणपत्रको औसत ब्याजदर ५ देखि ६ प्रतिशत रहने गरेको विगतको तथ्यांकले देखाउँछ । तर, नेपालको बैंकिङ प्रणालीमा तरलता र ब्याजदरमा हुने तीव्र उतारचढाव प्रभाव आन्तरिक ऋणमा पनि लाग्ने गरेको छ ।

कोभिडका बेला लकडाउन भएपछि केही समय कर्जा लगानी हुन नसक्दा निक्षेपको ब्याजदर पनि घट्दै गयो । सोही कारण कोभिडपछि २०७७/७८ को २० माघ २०७७ मा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ३.८८ प्रतिशतसम्म झर्‍यो । तर, त्यसपछि २०७८/७९ र २०७९/८० मा बैंकिङ प्रणालीमा तरलता अभाव हुँदा विकास ऋणपत्रको ब्याजदर पनि माथि पुग्यो ।

२०७६/७७ मा विकास ऋणपत्रको औसत ब्याजदर ६.७७ प्रतिशत रहेकोमा २०७७/७८ मा घटेर ४.३३ प्रतिशतमा झर्‍यो ।

*(स्रोत: अनलाइनखबर)*

# राजस्व चुहावट नियन्त्रण गर्न ८ निर्णय, निगरानी केन्द्र खोलिने

काठमाडौं, २३ कात्तिक/ राजस्व चुहावट नियन्त्रण गर्ने बारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा छलफल भएको छ । मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा बसेको बैठकले ८ वटा निर्णयहरू पनि गरेको हो ।

राजस्व चुहावट नियन्त्रणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा राजस्व हेर्ने सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा सुरक्षा निकायका प्रहरी नायव महानिरीक्षकहरू समेत सदस्य रहने गरी दुई बेग्लाबेग्लै अनुगमन टोली गठन गर्ने निर्णय गरेको छ । यी टोलीले राजस्व चुहावटको जोखिम भएका क्षेत्र र स्थान पहिचान गरी निगरानी बढाउने, अनुगमन गर्ने र नियन्त्रणका लागि आवश्यक कदम चाल्ने निर्णय पनि भएको छ । यो कामका नियमित रूपमा क्रमश: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा प्रतिवेदन गर्ने निर्णयमा उल्लेख छ ।

अर्थ मन्त्रालयमा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी राजस्व प्रशासन एवम्रु सुरक्षा निकायका कर्मचारीहरू रहने गरी राजस्व चुहावट निगरानी केन्द्रको स्थापना गर्ने निर्णय पनि भएको छ । यो केन्द्रमा एक टोल फ्रि नम्बर रहने व्यवस्था तत्काल मिलाई त्यसमा आउने राजस्व चुहावटका सूचनाहरूको आधारमा तत्काल कार्बाही अघि बढाउने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने निर्णय भएको छ । राजस्व चुहावट नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको स्थानीय स्तरको राजस्व चुहावट नियन्त्रण समितिको बैठकलाई नियमित रूपमा राजस्व चुहावटको जोखिम रहेको क्षेत्रमा गस्ती र नियमित अनुगमन गर्ने कार्यलाई तीव्रता दिने निर्णय पनि भएको छ ।

राजस्व चुहावट नियन्त्रण गर्ने कार्यमा खटिने कर्मचारीहरूले उनीहरूले गरेको योगदानलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउने निर्णय पनि बैठकबाट भएको छ । राजस्व अनुसन्धान विभागले रावस्व चुहावाट रोक्न विशेष अभियान चलाउनेसहित निजी क्षेत्रका छाता संगठनहरूले राजस्व चुहावट नियन्त्रणको विषयलाई आ-आफ्नो छाता संगठनमा उच्च प्राथमिकता दिएर छलफल एवम्रु अन्तरक्रिया सञ्चालन गर्ने तथा सबै सदस्यहरूलाई सजग गराउने निर्णय पनि बैठकले गरेको छ । राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित निकायहरू आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागले नियमित रूपमा समन्वयात्मक बैठक गर्ने र बैठकबाट आपसी सूचनाको आदान प्रदान तथा आपसी छलफल गरी थप कदम चाल्ने निर्णय पनि भएको छ ।

# त्रिखण्डी मेलाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मकवानपुरको भैंसेस्थित प्रसिद्ध आस्थावान् धार्मिकस्थल त्रिखण्डी महादेव मन्दिरमा मौलिक परम्परा रीतिरिवाज चाडपर्व लाग्दै आएको छ । यसवर्ष २७ कात्तिक मंगलबार त्रिखण्डीमा ठूलोएकादशी मेला लाग्ने भएको छ ।



शुक्रबार हरिबोधनी एकादशी अर्थात् ठूलो एकादशीका दिन मेलामा हजारौं भक्तजन र व्रतालुको घुइँचो हुने हुँदा जात्रा/मेला व्यवस्थापन समिति अध्यक्ष दिवाकर थिङ, सेवक सदस्य लक्ष्मण दाहाल, संयोजक रमेशकुमार थिङ र अन्य सदस्यलगायत गठन भएको सदस्य दाहालले बताए । जात्राका लागि मन्दिर रंगरोगन गरी सरसफाइ र पुल निर्माणको तयारी गरिँदैछ ।

ठूलो एकादशीमा धार्मिक सहिष्णुता, मौलिक धर्मको परिचय, पहिचान शिव मन्दिरपरिसरमा ठूलो एकादशीको मेला हुने हुँदा पुण्य पवित्रको दिन मेलाअवधिमा माछा मासु, अण्डा र मदिराको बिक्रीबितरण निषेध गरिएको छ । जात्रामा झैझगडा, अशान्ति र कुनै मानवीय क्षतिका घटना नघटुन् भनि मादकपदार्थ सेवन नगर्न स्थानीय प्रशासनमार्फत् समन्वय हुँदै आएको समितिले जनाएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दा:

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकैता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरि सकेपछि साइन आउट गरौं.
- डिजिटल डिभाईसहरू मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरू हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरू नराखौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना